
# सुकुना माध्यमिक विद्यालय

सुन्दरहरैंचा-१०, मोरङ
स्था. २०२९




## शैक्षिक रूपान्तरणका लागि
## बृहत् विद्यालय विकास कार्यक्रमसम्बन्धी

# अवधारणा पत्र-२०८१

# सुकुना माध्यमिक विद्यालय, सुन्दरहरैंचा-१०, मोरङ
# शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रमसम्बन्धी अवधारणा पत्र
# २०८१

**प्रस्तावना :**

नेपालको संविधानले समाजवादउन्मुख राष्ट्र बनाउने सङ्कल्प गरेको छ । संविधानको भाग-३ मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ । राज्यको समग्र विकासको आधार शिक्षामा सुधार गरेर मात्र सम्भव छ भन्ने कुरा स्वीकार गरी निशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र शिक्षा नियमावली २०७७ को समेत व्यवस्था भएको छ । देशको समग्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग विस्तार गर्न डिजिटल नेपाल फ्रेम वर्क निर्देशिका २०७६ जारी गरेर सञ्चालनमा ल्याएको छ । यसले शिक्षामा सूचना र प्रविधिको प्रयोगलाई व्यवस्थापन गर्न आधार तयार गरेको छ । दिगो विकास ल क्ष्यको ४ नं. बुँदामा शिक्षा क्षेत्रलाई समावेश गरेको छ । यसले गुणस्तरीय शिक्षा र शिक्षामा सबै बालबालिकाको समान पँहुच स्थापना गर्ने सङ्कल्प अगाडि बढाएको छ। शिक्षा ऐन, २०२८ को दफा १९ क ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले 'सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७' जारी गरेको छ। यसले विद्यालयको समायोजन गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्न मार्ग प्रशस्त गरेको छ। सुन्दरहरैंचा नगरपालिकाको विद्यालय शिक्षा ऐन २०७९ को दफा ९ मा दुई वा सोभन्दा बढी विद्यालयलाई समायोजन गर्न नगर शिक्षा समितिलाई स्पष्ट कार्यादेश दिने प्रावधान रहेको विषय उल्लेख छ । यस पृष्ठभूमिमा सुकुना माध्यमिक विद्यालयलाई केन्द्रित गरी शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रम सम्पादन गर्न योजना निर्माण प्रयोजनका लागि यो अवधारणा पत्र तयार पारिएको छ ।

सुकुना माध्यमिक विद्यालय, कोशी प्रदेशको सबैभन्दा ठूलो र प्रतिष्ठित विद्यालयहरूमध्ये एक हो । ४३०० भन्दा बढी विद्यार्थीहरूसँग यो विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्ने आफ्नो प्रतिबद्धता प्रदर्शन गरिरहेको छ । यसमा हाम्रो मूल उद्देश्य "प्रविधियुक्त गुणस्तरीय शिक्षा सहितको उत्कृष्ट विद्यालय" को परिकल्पनालाई साकार पार्नु रहेको छ ।

## १. दूरदृष्टि (Vision) :

"समाजका सबै वर्ग र तहका विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी सुसंस्कृत र समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउने सक्षम जनशक्ति उत्पादनको आधार तयार गर्नु ।"

## २. ध्येय (Mission) :

"समाजका प्रत्येक वर्ग वा समुदायका विद्यार्थीहरूलाई डिजिटल, वैज्ञानिक र प्रविधियुक्त शिक्षा उपलब्ध गराउन सरकारी, सार्वजनिक र आम अभिभावक सहयोग तथा सहकार्यमार्फत शिक्षाको गुणस्तर सुधार र परिवर्तनकारी शिक्षा सुनिश्चित गर्नु ।"

## ३. लक्ष्य (Goal) :

- यस विद्यालय आसपासका सामुदायिक विद्यालयहरूलाई पुनर्संयोजन र एकीकृत गर्नु ।
- शिक्षामा नवप्रवर्तन र सिप तथा रोजगार प्रवर्द्धन एवं श्रमशील संस्कृतिको विकास गर्नु ।
- प्रत्येक विद्यार्थीलाई प्राविधिक शिक्षा र डिजिटल साक्षरतामा दक्ष बनाउनु ।
- शिक्षकहरूको क्षमता अभिवृद्धिमा जोड दिनु ।
- सबै विद्यालय-समुदायलाई शिक्षामा समान पहुँच सुनिश्चित गर्नु ।

## ४. उद्देश्य (Objectives) :

क) विद्यालयमा डिजिटल प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै शिक्षाको गुणस्तर सुधार गर्ने ।

ख) विज्ञान र प्रविधि शिक्षातर्फ विद्यार्थीहरूको सहभागिता बढाउने ।

ग) डिजिटल प्रणालीमार्फत विद्यार्थीहरूलाई आधुनिक शिक्षाको पहुँच सुनिश्चित गर्ने ।

घ) विद्यालयलाई स्मार्ट विद्यालयका रूपमा रूपान्तरण गर्दै देशका लागि उदाहरणीय बनाउने ।

ङ) छिमेकी विद्यालयहरूलाई कार्यक्रमिक रूपमा समन्वयात्मक समायोजन गरी सोही स्थानमा विशिष्टीकृत शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

च) शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकहरूको पेसागत क्षमता विकास गर्ने ।

छ) समाजका सबै वर्ग वा समुदायका विद्यार्थीहरूको शिक्षा पहुँचयोग्य र समावेशी बनाउने ।

## ५. कार्यक्रमका मुख्य विशेषताहरू :

क) शिक्षण सिकाइका लागि डिजिटल कक्षाकोठाहरूको स्थापना :

स्मार्ट बोर्ड, प्रोजेक्टर र इन्टरनेट सुविधायुक्त कक्षाहरूको व्यवस्थापन गर्ने ।

ख) इ-लर्निङ सामग्रीहरूको उपलब्धता :

डिजिटल पाठ्यपुस्तक, अडियो-भिडियो सामग्री, अनलाइन परीक्षा प्रणाली ।

ग) शिक्षक तालिम :

शिक्षकहरूलाई डिजिटल उपकरणहरूको प्रयोगसम्बन्धी विशेष तालिम ।

घ) विद्यार्थी अनलाइन एक्सेस :

विद्यार्थीलाई ट्याब्लेट वा ल्यापटपजस्ता उपकरणहरू उपलब्ध गराउने ।

ङ) शैक्षिक व्यवस्थापन प्रणाली :

विद्यालयको प्रशासनिक कामलाई कम्प्युटर प्रविधियुक्त बनाउने ।

च) स्थानीय आवश्यकता र मागका आधारमा विद्यालयहरूको सर्वेक्षण गरी समन्वयात्मक समायोजन र शैक्षिक व्यवस्थापन तथा प्रशासनिक कामलाई व्यवस्थित बनाउने ।

## ६. अपेक्षित परिणाम :

क) विद्यार्थीहरूको शैक्षिक गुणस्तरमा सुधार आउने ।

ख) विज्ञान र प्रविधि शिक्षामा उच्च संलग्नता रहने ।

ग) आधुनिक प्रविधियुक्त शिक्षामा समान पहुँच कायम हुने ।

घ) विद्यालयको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहिचान झल्कने ।

ङ) भौतिक संरचना, शैक्षिक गुणस्तर र आर्थिक रूपमा समृद्ध अर्थात् सबै दृष्टिकोणले नेपालको सर्वोत्कृष्ट नमुना विद्यालय बन्ने ।

## ७. स्रोत र बजेट :

यस कार्यक्रमका लागि प्रारम्भमा अनुमानित बजेट कम्तीमा रु.१० करोड हुने र यसमा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र अन्य साझेदारहरूको सहयोग अपेक्षित रहनेछ ।

यस बृहत् विद्यालय विकास तथा शैक्षिक रूपान्तरण कार्यक्रमको सुरूवातले विद्यालयलाई (Smart Education) उत्कृष्ट शिक्षामा रूपान्तरण गर्ने हाम्रो अभियानलाई नयाँ उचाइमा पुऱ्याउन सहयोग गर्नेछ । यो कार्यक्रम केवल सुकुना माध्यमिक विद्यालयको मात्र नभई सम्पूर्ण देशको शैक्षिक रूपान्तरणको आधारशिला बन्नेछ । अन्य क्षेत्रमा समेत यसको अभ्यासमा विस्तार हुनेछ ।

## ८. कार्यक्रमको स्वरूप :

सुकुना माध्यमिक विद्यालयको क्षेत्रगत पहुँच विस्तार गरी सर्वोत्कृष्ट, प्राविधिक र समावेशी शैक्षिक संस्थाका रूपमा विद्यालयलाई रूपान्तरण गरिनेछ । यसका लागि शैक्षिक पाठ्यक्रममा डिजिटल प्रविधिको समावेश गर्दै सबै विद्यार्थीलाई समान शैक्षिक अवसर प्रदान गर्ने योजना बनाइनेछ ।

### क) शिक्षकहरूको क्षमता अभिवृद्धि :

- शिक्षकहरूका लागि डिजिटल शिक्षासम्बन्धी तालिमहरूको आयोजना ।
- स्मार्ट कक्षाको स्थापना र शिक्षण सिकाइमा प्रविधिको प्रयोग प्रवर्द्धन ।

### ख) विद्यार्थीहरूका लागि समावेशी शिक्षा :

- सबै प्रकारका विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्ने ।
- विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि थप सहयोगात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ग) समाज र विद्यालयको सहकार्य :

- अभिभावक र समुदायलाई शैक्षिक सुधारको प्रक्रियामा समावेश गर्ने ।

- सार्विकमा रहेका विद्यालयहरूको पृष्ठभूमि र ऐतिहासिकताको सम्मान गर्दै समन्वयात्मक समायोजन गर्न समुदायसँग सहकार्य गर्ने ।
- यसका लागि विद्यालयको योजनासहितको स्पष्ट दृष्टिकोण राखी नेतृत्वकारी भूमिका निर्वाह गर्ने ।
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी दाताहरूसँग सहकार्य गर्दै विद्यालयका लागि अतिरिक्त स्रोतहरू जुटाउने ।

**घ) प्रविधिको समावेश :**

- डिजिटल प्लेटफर्महरूको प्रयोग र शैक्षिक कार्यहरूलाई अनलाइनमा आधारित बनाउने ।
- स्मार्ट बोर्ड, V. R. Lab, कम्प्युटर ल्याब, इ-लाइब्रेरी तथा विभिन्न विषयगत ल्याबहरूका साथै प्रदर्शनी कक्षहरूको स्थापना गर्ने ।

**ङ) सहभागिता र नेतृत्व :**

- विद्यालयका सबै सदस्यहरू (आसपासका विद्यालय/सरोकारवाला व्यक्ति तथा समूह) लाई सक्रिय सहभागिता गराई नेतृत्व प्रदान गर्ने ।
- विद्यालयको नेतृत्व विकासका लागि मार्गदर्शन अर्थात् नेतृत्व विकाससम्बन्धी योजना बनाई कार्यान्वयन गर्ने ।

**च) सवारी साधन तथा आवासीय सुविधा :**

- विद्यालय सेवा क्षेत्रभित्रका आवश्यक विद्यार्थीहरूलाई विद्यालय बसबाट विद्यालय ल्याउने लैजाने प्रबन्ध मिलाउने ।
- विद्यालयको सेवा क्षेत्र विस्तार गरी आवश्यक विद्यार्थीहरूका लागि आवासीय सुविधा व्यवस्थित गर्ने ।

## ९. लक्षित कार्यक्रम र विशिष्ट मापदण्डहरू :

क) ५ वर्षभित्र आवश्यक विद्यार्थीहरूलाई विद्यालय बस सेवा तथा आवासीय सुविधासमेत उपलब्ध गराउने ।

ख) ५ वर्षभित्र पूर्ण रूपमा डिजिटल शिक्षा प्रणाली लागू गर्ने र Artificial Intelligent (AI) मा आधारित सिकाइ प्रयोगमा ल्याउने ।

ग) ३ वर्षभित्र ९०% शिक्षकलाई डिजिटल र प्राविधिक तालिम दिने ।

घ) विद्यार्थीहरूको विज्ञान र गणित शिक्षामा सिकाइ उपलब्धि कम्तीमा ६०% पुऱ्याउने ।

## १०. कार्यक्रमको सञ्चालन :

**क) शिक्षकहरूको तालिम र क्षमता निर्माण :**

- शिक्षकहरूका लागि डिजिटल शिक्षण विधिको प्रशिक्षण ।
- स्मार्ट बोर्ड र कक्षामा प्रविधिको प्रयोगका लागि आवश्यक तालिमहरू प्रदान गर्ने ।

**ख) प्रविधिको समावेशीकरण :**

- विद्यालयमा कम्प्युटर ल्याब र इन्टरनेटको पहुँच सुनिश्चित गर्ने ।
- प्रत्येक कक्षामा स्मार्ट बोर्ड तथा प्रोजेक्टरको प्रयोग प्रारम्भ गर्ने ।

**ग) समुदाय र अभिभावक सहभागिता :**

- अभिभावक र शिक्षक बैठक कम्तीमा वर्षमा १ पटक आयोजना गर्ने ।
- विद्यालयमा विद्यार्थीको अनलाइन उपस्थितिको रिपोर्ट अभिभावकलाई उपलब्ध गराउने ।

**घ) स्रोत तथा बजेटको व्यवस्थापन :**

- सङ्घीय तथा प्रदेश सरकारसँग साझेदारी गर्दै विद्यालयका लागि आवश्यक वित्तीय स्रोतहरू जुटाउने ।
- विद्यालयको प्रौद्योगिकीकरणका लागि दाताहरूसँग समन्वय गर्ने ।

**ङ) समाजमा शैक्षिक सुधारको प्रवर्द्धन :**

- समाजमा शिक्षा र समावेशीकरणका बारेमा चेतनामूलक अभियान
- नमुना विद्यार्थी परिषद् तथा क्लबहरूको गठन गरेर समाजसँगको सम्बन्धलाई बलियो बनाउने ।
- पूर्व विद्यार्थीहरूसँग समन्वयन गरी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ११. सम्भावित चुनौती र समाधान :

**क) चुनौती :**

- विद्यालयमा प्रविधिको पहुँच सुनिश्चित गर्नका लागि स्रोतको कमी ।
- नयाँ प्रविधिसँग शिक्षक तथा कर्मचारीहरूको अनुकूलनमा कठिनाइ ।

**ख) समाधान :**

- स्थानीय, प्रदेश र सङ्घीय सरकारसँग सहयोग माग गरेर आवश्यक स्रोतहरूको व्यवस्थापन गर्ने ।
- दाता/दातृनिकायसँग सहकार्य गर्दै अतिरिक्त वित्तीय सहयोग प्राप्त गर्ने ।
- नियमित रूपमा तालिम र कार्यशालाहरूको आयोजना गर्ने ।
- शिक्षक/कर्मचारीहरूको कामकाजी वातावरणलाई प्रविधिमैत्री बनाउन प्रयास गर्ने ।

## १२. सहकार्य र सहभागिता :

यस कार्यक्रम सञ्चालनको ध्येय सुकुना माध्यमिक विद्यालयलाई शैक्षिक सुधारको एक अद्वितीय मोडल विद्यालय बनाउनु हो । यसका लागि स्थानीय तहले कानुनी प्रबन्ध मिलाउन र दीर्घकालीन गुरूयोजना बनाउन मद्दत गर्नु पर्दछ भने स्थानीय समाजसेवी शिक्षा प्रेमी अभिभावकहरूले विद्यालयको विकासमा सक्रिय सहभागिता जनाउनु अत्यन्त महत्त्वपूर्ण कार्य हुनेछ । हामी सबैको साझा प्रयासले मात्र यो कार्यक्रम सफल बनाउन सकिने छ ।

देशकै बृहत् नमुना विद्यालयका रूपमा सुकुना माध्यमिक विद्यालयलाई स्थापित गर्ने हाम्रो योजना महत्त्वाकाङ्क्षी, प्रेरणादायी र अवश्यम्भावी छ । यसलाई सफल बनाउनका लागि केन्द्र सरकार र प्रदेश सरकारसँग सहकार्य अत्यावश्यक छ । यसका लागि हामी निम्न बुँदाहरूमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ :

**१) सहकार्यात्मक योजना :**

विद्यालयको शैक्षिक, भौतिक र प्रविधिगत विकासका लागि सङ्घीय र प्रदेश सरकारले संयुक्त रूपमा योजना बनाएर कार्यान्वयनमा ल्याउनु पर्छ ।

**२) आवश्यक स्रोत साधनको व्यवस्थापन :**

बजेट, प्रविधि र दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गर्न सरकारको सहयोग अपरिहार्य छ ।

**३) विशेष कार्यक्रमहरू लागू गर्ने :**

बृहत् विद्यालय विकासका लागि नवीन शैक्षिक कार्यक्रमहरू, स्मार्ट कक्षा कोठा, डिजिटल पुस्तकालय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण कार्यक्रमहरू लागू गर्न सहकार्य आवश्यक छ ।

**४) नीतिगत समर्थन :**

बृहत् विद्यालय विकासका लागि विशेष नीति र कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर सरकारले बजेटको व्यवस्थापन गर्नु पर्छ ।

**५) समुदाय सहभागिता :**

विद्यालय समुदाय, अभिभावकहरू र स्थानीय तहसँग सहकार्य गरेर शिक्षाको गुणस्तर सुधारमा योगदान पुऱ्याउने योजना बनाउनु पर्छ ।

यसरी, देशकै नमुना बृहत् विद्यालय निर्माण गर्ने हाम्रो अभियानलाई प्रभावकारी बनाउने उद्देश्यले सङ्घीय सरकार र प्रदेश सरकारलाई प्रत्यक्ष रूपमा सहयोग गर्न आग्रह गर्दछौँ । यसले केवल विद्यालयको स्तर सुधार मात्र गर्दैन देशको शैक्षिक रूपान्तरणको एउटा उदाहरण बन्नेछ र देशव्यापी रूपमा यसको विस्तार हुनेछ ।

## १३. कार्यक्रम सम्पन्न भएपछि चालिने अभियानहरू :

बृहत् विद्यालय विकास कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि दोस्रो कार्यक्रमका रूपमा “शैक्षिक रूपान्तरण र शैक्षिक गुणस्तर सुधार” सम्बन्धी कार्यक्रम अगाडि बढाउन सकिन्छ । यसमा निम्न कार्यहरू गर्नुपर्छ :

क) शिक्षकहरूको क्षमता विकास : प्रविधिको प्रयोगमा आधारित व्यावहारिक तालिमहरू सञ्चालन गर्दै शिक्षण शैलीमा सुधार गर्ने ।

ख) विद्यार्थी केन्द्रित गतिविधि : खोज-अनुसन्धान, परियोजना कार्यमा आधारित शिक्षण र सिर्जनशील सोचलाई प्रोत्साहन गर्ने ।

ग) पूर्वाधार विकास : विद्युतीय पुस्तकालय, विषयगत रूपमा ल्याबहरू, विद्यार्थीहरूको सिर्जना प्रदर्शनी कक्ष, सेमिनार तथा अडिटोरियम हल, सुविधासम्पन्न शौचालय निर्माण र स्मार्ट कक्षाकोठा विस्तार गर्ने ।

घ) समुदायको सहभागिता : अभिभावक र समुदायलाई विद्यालय गतिविधिमा सहभागी गराउने ।

ङ) मूल्याङ्कन प्रणालीमा सुधार : नवीनतम प्रविधिको प्रयोग गरी वैज्ञानिक र न्यायोचित मूल्याङ्कन प्रणाली सुनिश्चित गर्ने ।

## १४. विज्ञान विषय प्रवर्द्धन कार्यक्रम

कोशी प्रदेशका प्रत्येक स्थानीय तहबाट आपसी सम्पर्क, सहकार्य र सिफारिसका आधारमा कम्तीमा एक-एक जना विद्यार्थीलाई छात्रवृत्तिमा विज्ञान विषय अध्ययन गराउने योजना अगाडि बढाइने छ । यसले विज्ञान विषय पठनपाठन कार्यको प्रवर्द्धन गरी प्रतिभाशाली तर आर्थिक रूपमा कमजोर विद्यार्थीलाई उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ । यस योजनामा समावेश गर्न सकिने मुख्य आधारहरू :

### क) सिफारिस प्रक्रिया :

प्रत्येक स्थानीय तहले पारदर्शी र निष्पक्ष आधारमा आर्थिक स्थिति, शैक्षिक योग्यता र विद्यार्थीको क्षमता मूल्याङ्कन गरी छात्रवृत्तिका लागि विद्यार्थी सिफारिस गर्ने ।

### ख) शैक्षिक संस्था चयन :

छात्रवृत्तिमा अध्ययन गराउनका लागि कोशी प्रदेशले गुणस्तरीय शिक्षण संस्थाका रूपमा पहिलो चरणमा सुकुना मा. वि. लाई छनोट गर्ने ।

### ग) आर्थिक सहयोग :

छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूको ट्युसन शुल्क, छात्रावास खर्च र शैक्षिक सामग्रीका लागि आर्थिक सहयोग उपलब्ध गराइने ।

### घ) विद्यार्थीहरूको निगरानी :

छात्रवृत्ति पाएका विद्यार्थीहरूको प्रगति निगरानी गर्न र नियमित रिपोर्टिङ गर्न एक विशेष समिति गठन गरिने ।

### ङ) समावेशिता सुनिश्चितता :

सबै समुदाय, जातजाति र क्षेत्रलाई प्रतिनिधित्व गराउने गरी छात्रवृत्तिको वितरण हुने ।

यसरी विद्यालयले चालेको यो पहलकदमीले प्रदेशभरिका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि समेत प्रोत्साहन दिनेछ र समग्र विद्यालय शिक्षाको स्तर उकास्नेछ ।

## १५. विद्यालय समायोजनसम्बन्धी योजना

देशकै बृहत् नमुना विद्यालय निर्माण गर्ने हाम्रो अभियानलाई अझै बलियो बनाउँदै सुकुना माध्यमिक विद्यालयलाई शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रम सम्पादन गर्न अन्य छिमेकी विद्यालयहरूसँग समायोजन गर्ने कार्यक्रमलाई पनि यो अभियानमा समावेश गर्न चाहन्छौँ । यस समायोजनको माध्यमबाट सिकाइ प्रक्रियालाई थप प्रभावकारी, आधुनिक र समावेशी बनाउने हाम्रो लक्ष्य हो ।

निम्न बुँदाहरूमा ध्यान केन्द्रित गर्दै हामी यस अभियानलाई अघि बढाउन चाहन्छौँ :

**क) विद्यालय समायोजनको प्रक्रिया :**

समान शैक्षिक लक्ष्य र प्राथमिकता भएका विद्यालयहरूलाई सुकुना माध्यमिक विद्यालयसँग जोडेर स्रोत साधनको साझा प्रयोग र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

**ख) सहकार्यको वातावरण सिर्जना :**

समायोजन गरिएका विद्यालयहरूबीच शैक्षिक गुणस्तर सुधार, शिक्षकहरूको क्षमता अभिवृद्धि र विद्यार्थीहरूको समान अवसर सुनिश्चित गर्न सहकार्यको आधार तयार गरिनेछ ।

**ग) समायोजनपछि डिजिटल शिक्षामा जोड :**

समायोजन गरिएका विद्यालयहरूलाई एकीकृत डिजिटल कार्यक्रमअन्तर्गत ल्याएर प्रविधिमैत्री शिक्षालाई प्रवर्द्धन गरिनेछ ।

**घ) साझा लक्ष्यप्रति प्रतिबद्धता :**

सबै विद्यालयहरू मिलेर शैक्षिक सुधारको यो अभियानलाई सफल बनाउन साझा उद्देश्यका साथ अघि बढ्नुपर्छ ।

**ङ) विद्यार्थी, शिक्षक र समुदायको सहभागिता :**

समायोजनपछि सबै विद्यालयका विद्यार्थी, शिक्षक र समुदायको सशक्त सहभागितालाई सुनिश्चित गर्दै बृहत् विद्यालयको निर्माणलाई अझ प्रभावकारी बनाइनेछ । यस अभियानमा हामी सबै विद्यालयहरूको सहकार्य, सरकारको समर्थन र समुदायको भरोसालाई एकीकृत गर्दै बृहत् विद्यालय निर्माणको यात्रालाई अगाडि बढाउन चाहन्छौँ । यो अभियानमा सबैले हातेमालो गर्नुभएमा हाम्रो उद्देश्य पूरा हुनुका साथै नेपालको शिक्षामा दीर्घकालीन सुधार पनि हुनेछ । यसले केवल विद्यालयको स्तरवृद्धि मात्रै होइन, शैक्षिक क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउने विश्वास लिएका छौँ । यो अभियानमा सबै पक्षहरूको सहकार्य, सक्रियता र एकताका लागि आह्वान गर्दछौँ ।

**च) मानवीय स्रोत र भौतिक व्यवस्थापन योजना :**

यो कार्यक्रम सञ्चालन गर्न हामी शैक्षिक क्षेत्रभित्र छरिएर पूर्ण प्रयोगमा आउन नसकिरहेका मानव स्रोतहरू, शिक्षक, प्रशिक्षक र अन्य श्रोत तथा साधनहरूलाई पूर्ण रूपमा केन्द्रित गर्न चाहन्छौँ ।

सुकुना माध्यमिक विद्यालयलाई यो अभियानको केन्द्रबिन्दु बनाउँदै यी स्रोतहरूको अधिकतम प्रयोग गरी शैक्षिक रूपान्तरणलाई सुनिश्चित गर्न हामी प्रतिबद्ध छौँ ।

## छ) समन्वयात्मक लगानीको वातावरण :

यो बृहत् विद्यालय विकास तथा शैक्षिक रूपान्तरण कार्यक्रमलाई सफल बनाउन हामी सरकारी, सार्वजनिक र निजी क्षेत्रका सबै पक्षलाई एकतामा जोड्ने योजना बनाइरहेका छौँ । यसका लागि हामी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरूलाई समेत समेटेर सबैको सहयोग र सक्रिय सहभागिता सुनिश्चित गर्ने कोशिस गर्दैछौँ । हामी यो विश्वास गर्छौं कि यदि सबै पक्ष मिलेर काम गरियो भने यो कार्यक्रम सफल हुनेछ र यसले सम्पूर्ण शैक्षिक क्षेत्रलाई सकारात्मक ढङ्गले रूपान्तरण गर्नेछ । हामीले राष्ट्रिय र अन्तर्राष्ट्रिय दाताहरूको सहयोग पनि प्राप्त गर्दै यसलाई अघि बढाउने प्रयास गर्नेछौँ जसले गर्दा यस कार्यक्रमलाई व्यापक स्तरमा फैलाउन मद्दत मिल्नेछ । यस कार्यक्रमलाई सफल बनाउन हामी सबैको सहकार्य अत्यन्तै महत्त्वपूर्ण हुनेछ र हामी यसका लागि एकजुट हुने प्रण गरेका छौँ ।

## १६. विकसित राष्ट्रहरूको शैक्षिक मोडलको सान्दर्भिक प्रयोग :

विकसित राष्ट्रहरूमा रहेका अभ्यासहरूलाई मोडेलको रूपमा प्रस्तुत गर्ने हाम्रो योजना छ । यस्ता अभ्यासहरूले केवल देशका शिक्षा प्रणालीलाई मात्र बलियो बनाउने होइन बरु यसले हामीलाई नयाँ र प्रभावकारी विधिहरू अपनाउनका लागि मार्गदर्शन पनि गर्दछ । हामीले यी राष्ट्रहरूका उत्कृष्ट शैक्षिक अभ्यासहरूलाई अध्ययन गरेर तिनीहरूलाई हाम्रो स्थानीय आवश्यकताहरू र परिप्रेक्ष्यअनुसार अनुकूलित गर्न सक्नेछौँ । यसबाट शिक्षा पद्धति, शिक्षकहरूको तालिम, विद्यार्थीहरूको सशक्तिकरण र नवीन प्रविधिको समावेश पनि सहज हुनेछ । त्यसैले हामी यी विकसित राष्ट्रहरूको अभ्यासलाई हाम्रो शिक्षा प्रणालीमा लागू गर्ने क्रममा उत्कृष्टता र दीर्घकालीन परिणामका लागि ध्यान दिनेछौँ । यस क्रममा दिल्ली र फिनल्यान्डका शैक्षिक मोडेलहरूले धेरै सफलता प्राप्त गरेका छन् । हामीले पनि यी मोडेलहरूको अभ्यासलाई समय र स्थानीय विशिष्टताका आधारमा लागू गर्न सक्छौँ । यिनीहरूका केही मुख्य विशेषताहरूलाई ध्यानमा राखेर यस क्षेत्रमा शिक्षामा रूपान्तरण गर्ने योजना बनाउन सकिनेछ ।

## क) दिल्ली मोडेल :

दिल्लीको शैक्षिक मोडेलले शिक्षकहरूको प्रशिक्षण, विद्यार्थीहरूको सशक्तिकरण र इन्फ्रास्ट्रक्चरको सुदृढीकरण कार्यमा विशेष ध्यान दिएको पाइन्छ । त्यहाँको विशेषतालाई यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ ।

१) शिक्षकहरूका लागि गुणस्तरीय प्रशिक्षण : दिल्ली सरकारले शिक्षकहरूका लागि लगातार तालिम र कार्यशालाहरू आयोजना गर्दछ । राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको शैक्षिक प्राज्ञिक तालिम, गोष्ठी, कार्यशाला तथा सेमिनारहरूमा समेत शिक्षकलाई सहभागी गराउँदछ, जसले उनीहरूलाई नयाँ-नयाँ शिक्षण विधि र प्रविधिहरू अपनाउन मद्दत पुऱ्याउँछ ।

२) कक्षा र वातावरणको सुधार : दिल्लीका विद्यालयहरूमा छात्रछात्राहरूका लागि आकर्षक र सृजनात्मक शिक्षण वातावरण सिर्जना गर्नमा ध्यान दिइन्छ। कक्षाकोठाको व्यवस्थापनमा विशेष रूपमा ख्याल गरिन्छ।

३) डिजिटल शिक्षा : शिक्षा प्रणालीमा डिजिटल प्रविधिको समावेश गरिएको छ जसले विद्यार्थीहरूको सिकाइको अनुभवलाई नवीन र स्तरीय बनाउँछ।

४) समावेशी शिक्षा : सबै विद्यार्थीहरूको बराबरीको हकका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिन्छ जसमा सिप, क्षमता र आवश्यकताअनुसार शिक्षण विधि अपनाइन्छ। समानता र समताका आधारमा सिकाइ प्रक्रिया अगाडि बढाइन्छ।

५) पाठ्यक्रम समायोजन : पाठ्यक्रममा कक्षा ८ सम्म Happiness Curriculum र कक्षा ९-१२ सम्म Entrepreneurship mind set-up केन्द्रित बनाउनु दिल्ली मोडेलको सिक्न लायक अभ्यास हो।

**ख) फिनल्यान्ड मोडेल :**

फिनल्यान्डका विद्यालयहरू विश्वभरि उच्च शैक्षिक गुणस्तरता र विद्यार्थीहरूको समग्र विकासका लागि प्रसिद्ध छन्। यसका केही मुख्य विशेषताहरू छन् :

१) शिक्षकको सामाजिक स्थिति : फिनल्यान्डमा शिक्षकलाई उच्च सम्मान प्राप्त छ र शिक्षकको तालिममा अत्यधिक ध्यान दिइन्छ। शिक्षकहरूलाई मास्टर डिग्री अनिवार्य छ र उनीहरूलाई कस्ता शिक्षण विधिहरू अपनाउने भन्ने निर्णयमा स्वतन्त्रता दिइन्छ।

२) कम परीक्षण र मूल्याङ्कन : यहाँ कागजी कामको माध्यमबाट विद्यार्थीहरूको परीक्षण र मूल्याङ्कन अति कम गरिन्छ भने मुख्य ध्यान शिक्षक र विद्यार्थीको संवादमा राखिन्छ।

३) समावेशी शिक्षा : विद्यार्थीहरूलाई व्यक्तिगत आवश्यकताका आधारमा शिक्षण विधिहरू अपनाइन्छ र सबै विद्यार्थीलाई समान अवसरहरू प्रदान गरिन्छ।

४) व्यक्तिगत ध्यान र स्नेह : फिनल्यान्डका विद्यालयहरूमा विद्यार्थीहरूको समग्र विकासमा ध्यान दिइन्छ, जसमा शारीरिक, मानसिक र भावनात्मक विकास समावेश छ।

५) शिक्षकको स्वतन्त्रता : शिक्षकहरूलाई उनीहरूले आफ्नो कक्षामा कुन प्रकारको शिक्षण विधि र पाठ्यक्रम लागू गर्ने भनेर निर्णय लिने स्वतन्त्रता दिइन्छ।

६) सक्षमतामा आधारित पाठ्यक्रम : विद्यार्थीको सिकाइमा सफ्ट स्किल (व्यवहार कुशल सिप) को प्रयोग र सक्षमतामा अभिवृद्दि गर्ने पाठ्यक्रमको नमुना फिनल्यान्ड मोडेलको अनुकरण गर्नै पर्ने अभ्यास हो।

यी दुई मोडेलहरूले विशेष गरी शिक्षकहरूको तालिम र शैक्षिक वातावरणमा धेरै ध्यान दिएका छन् जसले विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि प्रेरणा दिन्छ। सङ्क्षेपमा दिल्ली र फिनल्यान्डका मोडेलहरूले शिक्षामा सुधारको दिशा देखाउँछन्। यी मोडेलहरूले शैक्षिक प्रणालीमा शिक्षकहरूको महत्त्वपूर्ण भूमिका, समावेशी शिक्षा र व्यक्तिगत ध्यानको महत्त्वलाई उजागर गरेका

छन् । हामी यी अभ्यासहरूलाई आफ्नो शिक्षा प्रणालीमा लागू गरेर थप प्रभावकारी र समावेशी बनाउन सक्छौँ ।

## १७. शैक्षिक रूपान्तरणको योजना

शैक्षिक रूपान्तरणका लागि तयार गरिने बृहत् विद्यालय विकास योजना एउटा बहुआयामिक प्रक्रिया हो जसमा विद्यालयको विकासमा विभिन्न सरकारी र गैरसरकारी निकायहरूको सहभागिता आवश्यक छ । सबै क्षेत्रहरूको एकता र सहयोगले मात्रै यो योजना सफल हुन सक्छ । हामीले यो प्रक्रिया अघि बढाउन तपसिलका पक्षमा केन्द्रित भएर स्पष्ट र समग्र दृष्टिकोण बनाउनु आवश्यक छ । यस योजना पूरा गर्न सरकारी, सार्वजनिक र निजी क्षेत्रहरू सबैको सहयोग र सहभागिता महत्त्वपूर्ण छ । यसमा प्रदेश सरकारले विशेष रूपमा ध्यान दिनु पर्दछ भन्ने हाम्रो चाहना हो । यहाँ प्रदेश सरकारका सामाजिक विकास मन्त्रालय र अन्य सरकारी निकायहरूको भूमिका केही मुख्य अंशहरूमा विभाजन गर्न सकिन्छ :

### १) सरकारी निकायहरूको सहभागिता :

सरकारी निकायहरू, जस्तै : शिक्षा मन्त्रालय, प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरूको भूमिका निम्न छन् :

क) नीति र कानुन निर्माण : शिक्षा क्षेत्रमा सुधारका लागि सरकारी निकायहरूले नयाँ नीति र कानुनी ढाँचाको निर्माण गर्न सक्छन् जसले विद्यालयहरूको दायरा र प्रभावलाई वृद्धि गर्दछ ।

ख) शिक्षकहरूको तालिम र क्षमता अभिवृद्धि : सरकारले शिक्षकहरूको व्यावसायिक विकासका लागि योजना बनाउनु आवश्यक छ जसमा प्रविधिको प्रयोग र नयाँ शिक्षण विधिहरूलाई अपनाउने कार्यशालामा समावेश गर्न सकिन्छ ।

ग) वित्तीय सहयोग : राज्यको बजेट र प्रदेश सरकारको वित्तीय योजना विद्यालयहरूको नयाँ योजनाहरूका लागि आँकलन गर्नुपर्ने छ ।

घ) सम्पत्ति र संसाधनहरू : सरकारी विद्यालयहरूको इन्फ्रास्ट्रक्चरको सुधार र आवश्यक सामग्रीहरूको आपूर्ति गर्न सरकारले पूर्ण रूपमा ध्यान दिनु पर्छ ।

ङ) पाठ्यक्रम सुधार : वर्तमान पाठ्यक्रम प्रारूप २०७६ को ५ वर्षमा पुनरावलोकन गर्दा प्राविधिक शिक्षामा पहुँच बढाउन र समाजवादउन्मुख शैक्षिक कार्यक्रम तयार गर्न आधारभूत रूपमा काम गर्ने गरी विषय र क्षेत्र थप गर्न सरकारले ध्यान दिनु पर्दछ ।

### २) पब्लिक र प्राइभेट क्षेत्रको समन्वय :

सार्वजनिक र निजी क्षेत्रका बिचमा बलियो समन्वय र सम्बन्ध स्थापना गर्नु पर्नेछ । यसमा निम्न पक्षहरू समावेश हुन सक्छन् :

क) पब्लिक प्राइभेट पार्टनरसिप (PPP) : निजी क्षेत्रसँग सहकार्य गरेर शिक्षकहरूको तालिम, सामग्री आपूर्ति र विद्यालयको प्रविधीकरणमा काम गर्न सकिन्छ ।

ख) निजी तथा मुनाफारहित सङ्घ/संस्थाहरूको भूमिका : शिक्षा क्षेत्रमा सुधार ल्याउनमा निजी सङ्घ/संस्थाहरूको पनि प्रमुख योगदान हुन सक्छ, उदाहरणका लागि उनीहरूले शिक्षा प्रविधिको प्रयोग, डिजिटल प्लेटफर्महरू र अनलाइन कक्षाहरूको विकासमा सहयोग पुऱ्याउन सक्छन् ।

## ३) समाज र समुदायको सहभागिता :

शिक्षा सुधारमा समाज र समुदायको सहभागिता अनिवार्य छ । यसमा पब्लिक र समुदायको पार्टनरसिप Public Community Partnership (PCP) मोडेलको प्रयोग गरिने छ :

क) समाजको भूमिका : विद्यालयका व्यवस्थापन समितिहरू, शिक्षक अभिभावक सङ्घ र विद्यार्थीहरूको विभिन्न क्लबहरूलाई सक्रिय बनाउनु पर्दछ । उनीहरूको प्रतिक्रिया र सुझावले शिक्षा प्रणालीमा सुधार गर्न मद्दत पुऱ्याउँछ ।

ख) समुदायको सहयोग : स्थानीय समुदायलाई बोध गराउँदै शिक्षा सम्बन्धी जागरूकता र कार्यशालाहरू सञ्चालन गर्न सकिन्छ जसले स्थानीय तहमा शिक्षा सुधारको मर्म प्रकट गर्न मद्दत पुऱ्याउँछ ।

## ४) प्रदेश सरकारको विशिष्ट भूमिका :

प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले निम्न कार्यहरूमा प्रमुख भूमिका निर्वाह गर्न सक्छ :

क) प्रदेशका विद्यालयहरूको निरीक्षण र मूल्याङ्कन : शिक्षाको गुणस्तर सुनिश्चित गर्न प्रदेश सरकारका तर्फबाट विद्यालयहरूको नियमित निरीक्षण र मूल्याङ्कन गर्नु पर्नेछ ।

ख) विशेष कार्यक्रमहरूको निर्माण : गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि विशेष योजनाहरू निर्माण गरिनेछ जसमा डिजिटल शिक्षा, क्षमता अभिवृद्धि र शिक्षाको समावेशिता बढाउने उद्देश्य राख्नु आवश्यक छ ।

## ५) स्रोत र सुविधा व्यवस्थापन :

स्मार्ट स्कुलको अवधारणा र प्रविधिको समावेशका लागि स्रोत र सुविधा व्यवस्थापन धेरै महत्त्वपूर्ण छ । यसमा निम्न कार्यहरू गरिनेछ :

क) डिजिटल कक्षा र स्मार्ट बोर्डहरूको प्रयोग : विद्यालयमा नयाँ प्रविधिसँग सम्बन्धित स्मार्ट बोर्ड र डिजिटल कक्षाको व्यवस्था गर्न सरकार र निजी क्षेत्रको समन्वय आवश्यक छ ।

ख) शिक्षण सामग्रीहरूको आपूर्ति : सरकारी निकायहरूले कागजी सामग्रीहरूको न्यूनीकरण गर्दै डिजिटल शिक्षासँग सम्बन्धित सामग्रीको आपूर्ति गर्नु पर्दछ ।

## ६) सार्वजनिक अभिमुखीकरण र जनचेतना :

शिक्षा क्षेत्रमा सुधार ल्याउनका लागि समाजलाई यसका महत्त्वका बारेमा राम्रोसँग बुझाउनु पर्छ । यसका लागि जन जागरूकता अभियान चलाउनु पर्दछ । यस अभियानले स्थानीय समुदाय र अभिभावकलाई सहभागी गराई शिक्षा सुधारको महत्त्वको बारेमा बुझाउने कार्य गर्नु पर्ने हुन्छ ।

## ७) स्मार्ट स्कुल बनाउनका लागि के गर्नु पर्ने ?

क) संसाधनहरूको समुचित व्यवस्थापन : विद्यालयमा आवश्यक पर्ने आधारभूत भौतिक संरचना र साधनहरूको सुनिश्चितता गर्नु पर्छ। कक्षाकोठा, पुस्तकालय, कम्प्युटर ल्याब, शौचालय, खेलकुदका सामग्री, छात्रावास, आदि सुनिश्चित गर्नु आवश्यक छ ।

ख) आधुनिक प्रविधिको प्रयोग : विद्यार्थीहरूको ज्ञान वृद्धिका लागि स्मार्ट बोर्ड, कम्प्युटर, इन्टरनेट र अन्य डिजिटल उपकरणहरूको प्रयोगमा जोड दिनुपर्छ । यसले शिक्षक र विद्यार्थीको आपसी संवादलाई थप सशक्त बनाउँछ ।

ग) शिक्षकहरूको क्षमता वृद्धि : शिक्षकहरूलाई प्रशिक्षण र क्षमता विकासको अवसर प्रदान गर्नुपर्छ। त्यसका लागि नियमित तालिमहरू, कार्यशालाहरू र सेमिनारहरू आयोजना गर्नु पर्छ।

घ) शिक्षामा समावेशिता : सबै विद्यार्थीलाई समान अवसर दिनका लागि समावेशी शिक्षा नीति लागू गर्नु पर्छ । यसले विद्यार्थीहरूको व्यक्तिगत विकास र समाजमा योगदान दिनका लागि उस्तै अवसरहरू प्रदान गर्छ।

ङ) समावेशी शिक्षा कार्यक्रम : यसमा सबै विद्यार्थीलाई सहभागी गराउने कार्यक्रमहरू राखिनु पर्छ। विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि सहायक सामग्री र थप शिक्षण विधिहरू उपयोग गर्नु पर्छ।

च) प्रविधिमा आधारित कक्षा : विद्यार्थीहरूलाई डिजिटल शैक्षिक उपकरणको परिचय गराउनुका साथै स्मार्ट कक्षाहरू सञ्चालन गर्नुपर्छ। यसले शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउँछ।

छ) समाज र विद्यार्थी बीचको संलग्नता : छात्रवृत्ति, अभिभावक बैठक र विद्यार्थी परिषद् जस्ता कार्यक्रमहरूलाई प्रोत्साहित गर्नुपर्छ जसले विद्यार्थी र समाजलाई एकसाथ काम गर्न सहयोग पुऱ्याउँछ।

ज) विकसित देशको मोडेलको अभ्यास : भारत, फिनल्यान्ड र सिङ्गापुर जस्ता विकसित मुलुकहरूका शिक्षा मोडेललाई अध्ययन गरेर नेपालमा अनुकूलन गर्नु पर्छ। यसले हाम्रो शिक्षा प्रणालीलाई अझ उन्नत बनाउन मद्दत पुऱ्याउँछ।

# सुकुना माध्यमिक विद्यालय, सुन्दरहरैंचा-१०, मोरङ
# शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रम-२०८१

Comprehensive School Development Programme for Educational Transformation–2025

## कार्य सञ्चालन प्रारूप (workout frame work)

सुकुना माध्यमिक विद्यालयले शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रम सञ्चालन गर्दा केही महत्त्वपूर्ण पक्षहरू निम्नानुसारका कार्य सञ्चालन प्रारूप र अनुसूचीहरू बमोजिम हुनेछन् :

### १. उद्देश्य :

क) सुकुना मा. वि. लाई केन्द्र मानी आसपासका विद्यालयहरूलाई समन्वयात्मक समायोजन गरी नमुना डिजिटल विद्यालयका रूपमा विकास गर्ने ।

ख) सूचना प्रविधि, स्मार्ट शिक्षण विधि र वैज्ञानिक शिक्षा प्रणालीको प्रयोगद्वारा गुणस्तर वृद्धि गर्ने ।

ग) शिक्षकहरूको क्षमता अभिवृद्धि गर्दै आधुनिक शिक्षण प्रविधिहरू प्रयोगमा ल्याउने ।

घ) विद्यार्थीलाई समावेशी, प्रविधिमैत्री र अन्तर्राष्ट्रिय स्तरको शिक्षा प्रदान गर्ने ।

### २. कार्यक्रमका प्रमुख बुँदाहरू :

क) डिजिटल शिक्षण प्रविधि : स्मार्ट कक्षाकोठा, कम्प्युटर प्रयोगशाला, अनलाइन पाठ्यक्रम ।

ख) शिक्षक तालिम : नयाँ प्रविधिहरू, आधुनिक शिक्षण शैली, अनुसन्धानमा आधारित अध्ययन-अध्यापन ।

ग) विद्यार्थी सुविधा विस्तार : छात्रवृत्ति कार्यक्रम, डिजिटल सामग्रीहरूको व्यवस्था, विज्ञान प्रयोगशाला सुधार, पुस्तकालय व्यवस्थापन ।

घ) स्रोत व्यवस्थापन : सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र र अन्तर्राष्ट्रिय दाताहरूको सहकार्य ।

ङ) समुदायको सहभागिता : अभिभावक र स्थानीय समुदायसँग सहकार्य गर्दै शैक्षिक सुधार ।

### ३. अपेक्षित परिणाम :

क) विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ।

ख) सबै विद्यार्थीका लागि समान शैक्षिक अवसर सुनिश्चित ।

ग) विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयमा सक्षमता अभिवृद्धि ।

घ) विद्यालयको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहिचान ।

# अनुसूची-१

## विद्यालय समायोजन प्रारूप

(सुकुना माध्यमिक विद्यालय र समायोजन गरिने विद्यालयहरूका लागि)

**प्रस्तावना :**

विद्यालय समायोजनको उद्देश्य शिक्षाको गुणस्तर अभिवृद्धि, स्रोतको प्रभावकारी उपयोग तथा प्रशासनिक सुदृढीकरण गर्नु हो । कोशी प्रदेशमा रहेका निम्न विद्यालयहरूलाई सुकुना माध्यमिक विद्यालयसँग समन्वयात्मक समायोजन गरी शैक्षिक सुधारको अभियानलाई अगाडि बढाउने योजना बनाइएको छ ।

### १. समायोजन हुने विद्यालयहरू

(१) सुकुना माध्यमिक विद्यालय (केन्द्र विद्यालय), सुन्दरहरैँचा-१०

(२) चण्डेश्वरी आधारभूत विद्यालय, सुन्दरहरैँचा-१०

(३) राम आधारभूत विद्यालय, सुन्दरहरैँचा-९

(४) जनता माध्यमिक विद्यालय, बुधबारे, सुन्दरहरैँचा-९

(५) जुडी आधारभूत विद्यालय, सुन्दरहरैँचा-११

(६) हिमालय आधारभूत विद्यालय, सुन्दरहरैँचा-११

(७) महेन्द्र माध्यमिक विद्यालय, शुक्रबारे, सुन्दरहरैँचा-११

### २. समायोजनका आधारहरू

क) स्रोत व्यवस्थापन : सबै विद्यालयका शैक्षिक स्रोत, भौतिक पूर्वाधार, सूचना प्रविधि उपकरण तथा मानव संसाधनलाई एकीकृत गर्ने ।

ख) शिक्षाको गुणस्तर सुधार : शिक्षक तालिम, विद्यार्थी मूल्याङ्कन प्रणाली, पाठ्यक्रम सुधार, प्रयोगशाला तथा पुस्तकालय विस्तार ।

ग) डिजिटल प्रविधिको उपयोग : सबै विद्यालयहरूलाई डिजिटल कक्षाकोठासहित स्मार्ट विद्यालय बनाउने ।

घ) शिक्षक तथा कर्मचारी व्यवस्थापन : योग्यता, क्षमता र विषयगत आधारमा शिक्षकहरूको पुनर्व्यवस्थापन तथा समायोजन प्रक्रिया पारदर्शी बनाउने । कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा सेवा सुविधाको प्रभावकारी व्यवस्थापनमा जोड दिने ।

ङ) समुदाय सहभागिता : अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा स्थानीय सरकारको सहकार्य ।

## ३. समायोजनका चरणहरू

**चरण १ : प्रारम्भिक तयारी (१ महिनाभित्र)**

क) प्रारम्भिक संवाद र सौहार्दता कायम,

ख) विद्यालयहरूको अध्ययन तथा रिपोर्टिङ,

ग) भौतिक तथा शैक्षिक संरचनाको मूल्याङ्कन,

घ) शिक्षक, कर्मचारी तथा विद्यार्थी सङ्ख्याको समीक्षा,

ङ) समायोजन कार्यदल गठन ।

**चरण २ : कानुनी तथा प्रशासनिक प्रक्रिया (१ महिना)**

क) विद्यालय व्यवस्थापन समिति बिच आपसी सहमति,

ख) स्थानीय सरकार तथा शिक्षा मन्त्रालयसँग समन्वय,

ग) कानुनी प्रक्रिया तथा आवश्यक दस्तावेज तयार ।

**चरण ३ : कार्यान्वयन (७-१२ महिना)**

क) शिक्षक/कर्मचारीहरूको व्यवस्थापन,

ख) भौतिक पूर्वाधार तथा डिजिटल प्रविधि विस्तार,

ग) विद्यालय प्रशासन तथा आर्थिक स्रोत व्यवस्थापन,

घ) नियमित अनुगमन तथा मूल्याङ्कन ।

## ४. अपेक्षित परिणामहरू

क) शिक्षाको गुणस्तरमा सुधार,

ख) सूचना प्रविधिमा आधारित शिक्षाको विस्तार,

ग) विद्यालय स्रोत साधनको साझा उपयोग,

घ) समान अवसरसहितको समावेशी शिक्षा प्रणाली,

ङ) स्थानीय समुदाय र विद्यालयबीचको सहकार्य सुदृढीकरण ।

## ५. समायोजनको सफल कार्यान्वयनका लागि आवश्यक कार्यहरू

क) स्थानीय सरकारको सहयोग : बजेट तथा पूर्वाधार विस्तारका लागि ।

ख) अभिभावकको सहभागिता : समायोजन प्रक्रिया सफल बनाउनका लागि ।

ग) नियमित समीक्षा तथा प्रतिवेदन : थप सुधारका लागि ।

घ) नवीनतम प्रविधिको उपयोग : डिजिटल शिक्षा प्रभावकारी बनाउनका लागि ।

यो विद्यालय समायोजन प्रारूप लागू गरेमा सुकुना माध्यमिक विद्यालयलाई मोडेल विद्यालय बनाउने अभियान सफल पार्न सकिन्छ भने आसपासका सबै छिमेकी विद्यालयहरूको पनि अस्तित्व र ऐतिहासिकतालाई कायम राख्दै तत्-तत् स्थानमा विद्यालयको भौतिक पूर्वाधार विकासका साथै गुणस्तरीय शिक्षामा समान पहुँच कायम गर्न सकिनेछ ।

## ६. विद्यालय व्यवस्थापन समितिको समन्वयात्मक व्यवस्था मिलाउने उपायहरू

विद्यालय व्यवस्थापन समिति (SMC) को प्रभावकारी समन्वय र समायोजन गर्न निम्न उपायहरू अपनाउन सकिन्छ :

### क) संयुक्त समन्वय समिति गठन

१) समायोजन हुने सबै विद्यालयका प्रतिनिधिहरू समेटेर संयुक्त विद्यालय व्यवस्थापन समिति (Joint SMC) गठन गर्ने ।

२) प्रत्येक विद्यालयबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, प्रधानाध्यापक, शिक्षक प्रतिनिधि र अभिभावक प्रतिनिधि रहने ।

३) सुकुना माध्यमिक विद्यालय (केन्द्र विद्यालय) लाई समन्वयकारी निकायको रूपमा राख्ने ।

### ख) भूमिकाको स्पष्ट परिभाषा

१) बृहत् विद्यालय मूल समिति : समायोजन प्रक्रिया, नीति निर्माण, बजेट व्यवस्थापन, शिक्षक तथा कर्मचारी समायोजन ।

### २) उपसमितिहरू :

- शिक्षा सुधार उपसमिति : पाठ्यक्रम सुधार, विद्यार्थी सहजीकरण ।
- प्रविधि तथा भौतिक संरचना उपसमिति : डिजिटल शिक्षा, पूर्वाधार निर्माण तथा सुधार ।
- स्रोत व्यवस्थापन उपसमिति : बजेट, अनुदान, साझेदार सहयोग ।

### ग) निर्णय प्रक्रियालाई समावेशी र पारदर्शी बनाउने

१) विद्यालय व्यवस्थापन समितिमा सबै सरोकारवाला (शिक्षक, अभिभावक, विद्यार्थी प्रतिनिधि, स्थानीय सरकारका प्रतिनिधि) को सहभागिता सुनिश्चित गर्ने ।

२) नियमित बैठक (मासिक/त्रैमासिक) गर्ने ।

३) निर्णय प्रक्रियामा सबै विद्यालयहरूको समान संलग्नता हुने व्यवस्था मिलाउने ।

### घ) बजेट तथा स्रोत व्यवस्थापनमा समानता ल्याउने

१) सबै विद्यालयको संयुक्त आर्थिक कोष बनाउने ।

२) सङ्घीय, प्रदेश र स्थानीय सरकारसँग सहकार्य गर्दै थप स्रोत र अनुदान सुनिश्चित गर्ने ।

३) विद्यार्थी सङ्ख्याका आधारमा हरेक विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याब सञ्चालन गर्ने ।

४) विषयगत विशिष्टताका आधारमा सुकुना माध्यमिक विद्यालयमा स्रोत प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याबको व्यवस्थापन र सञ्चालन गर्ने ।

## ङ) शिक्षक तथा कर्मचारी व्यवस्थापन र समायोजन प्रक्रिया

१) अनुभव, विषय विशेषज्ञता, विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकताका आधारमा शिक्षक तथा कर्मचारीको पुनर्व्यवस्थापन गर्ने ।

२) विद्यार्थी स्थानान्तरण तथा समायोजन : समायोजन भएका विद्यालयका विद्यार्थीहरू प्रभावित नहुने गरी उनीहरूको विषयगत रुचि र छनोटका आधारमा नयाँ व्यवस्थापन योजना लागू गर्ने ।

## च) प्रविधिको उपयोग

१) स्मार्ट व्यवस्थापन प्रणाली : डिजिटल डाटाबेस र अनलाइन सूचना प्रणाली (विद्यालयको गतिविधि अभिभावकलाई जानकारी गराउन) लागू गर्ने ।

२) भर्चुअल बैठक प्रणाली : व्यवस्थापन समिति सदस्यहरूबीच नियमित भर्चुअल बैठक सञ्चालन गर्ने ।

## छ) समुदाय र स्थानीय सरकारको सहकार्य

१) अभिभावक, शिक्षक र समुदायका व्यक्तिहरूलाई विद्यालय सुधार अभियानमा सहभागी गराउने ।

२) स्थानीय तह र प्रदेश सरकारसँग विद्यालय विकास योजनामा सहकार्य गर्ने ।

यसरी संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी स्पष्ट जिम्मेवारी वितरण, स्रोत साधनको साझा उपयोग, प्रविधिमैत्री निर्णय प्रक्रिया र समुदाय सहभागिता सुनिश्चित गरेर विद्यालयको समन्वयात्मक समायोजन व्यवस्था प्रभावकारी रूपमा मिलाउन सकिन्छ ।

# अनुसूची-२

## विद्यालय बस सेवा सञ्चालन कार्यविधि

(समायोजन भएका विद्यालयका विद्यार्थीहरूको आवागमन व्यवस्थापनका लागि)

**प्रस्तावना :**

विद्यालय समायोजनपछि विभिन्न स्थानका विद्यार्थीहरूको सहज आवागमन सुनिश्चित गर्न बस सेवालाई व्यवस्थित गर्न आवश्यक हुन्छ । यस कार्यविधिले बस सेवाको सञ्चालन, व्यवस्थापन, सुरक्षा उपाय र आर्थिक व्यवस्थापन कार्यलाई स्पष्ट पार्नेछ ।

### १. बस सेवाको सञ्चालन संरचना

### क) बस सेवा सञ्चालन समिति गठन

(१) संयोजक : सुकुना माध्यमिक विद्यालयका प्रधानाध्यापक

(२) सदस्यहरू :

- समायोजन भएका विद्यालयका विद्यालय प्रमुख (प्रधानाध्यापक)
- विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि
- अभिभावक सङ्घका प्रतिनिधि
- यातायात व्यवस्थापन संयोजक
- स्थानीय सरकारका प्रतिनिधि

### ख) कार्य जिम्मेवारी

- विद्यालय बसहरूको व्यवस्थापन र सञ्चालन नीति बनाउने ।
- विद्यार्थीहरूको बस सेवामा पहुँच सुनिश्चित गर्ने ।
- बसको नियमित मर्मत सम्भार र सुरक्षा उपाय लागू गर्ने ।
- आर्थिक व्यवस्थापन (बस सेवा कोष र शुल्क संरचना) तय गर्ने ।

### २. बस सेवा सञ्चालन प्रक्रिया

### क) बस रुट निर्धारण

- विद्यार्थीहरूको सङ्ख्या, दूरी र विद्यालय समयलाई ध्यानमा राखी बस रुटहरू निर्धारण गर्ने ।
- मुख्य समायोजन केन्द्र सुकुना माध्यमिक विद्यालयलाई आधार मानेर बसमार्ग तय गर्ने ।
- आवश्यक परेमा स्थानीय सरकारको सहयोगमा थप बस सेवाको व्यवस्था गर्ने ।

### ख) विद्यार्थी नाम दर्ता र बस पास प्रणाली

- बस प्रयोग गर्ने विद्यार्थीहरूको नाम दर्ता प्रक्रिया अपनाउने ।

- विद्यार्थीलाई बस पास वा डिजिटल आइडी कार्ड उपलब्ध गराउने ।
- बस सेवा लिने प्रत्येक विद्यार्थीको उपस्थिति ट्रयाकिङ गर्ने ।

**ग) बस सेवा समय तालिका**

- बिहान विद्यालय आउनुअघि र विद्यालय सकिएपछि निश्चित समयअनुसार बस सञ्चालन हुने ।
- प्रत्येक बसको स्टेन्ड र समयतालिका पूर्वनिर्धारित हुने ।
- आपतकालीन अवस्थामा वैकल्पिक बसको व्यवस्था गर्ने ।

## ३. बस सेवाको सुरक्षा व्यवस्थापन

**क) बस चालक र सहयोगी कर्मचारीको छनोट**

- अनुभवी चालक नियुक्त गर्ने ।
- विद्यार्थीहरूको सुरक्षा हेर्न प्रत्येक बसमा सहचालक/सहायक स्टाफ रहने ।
- बस चालकलाई ट्राफिक नियम तथा विद्यार्थी सुरक्षाका सम्बन्धमा नियमित तालिम प्रदान गर्ने ।

**ख) बसको सुरक्षात्मक उपायहरू**

- प्रत्येक बसमा सिट बेल्ट अनिवार्य गर्ने ।
- विद्यार्थी चढ्ने-ओर्लिने स्थानहरूमा सुरक्षा सङ्केत र ट्राफिक नियमहरू पालन गर्ने ।
- आवश्यकताअनुसार बसभित्र CCTV क्यामेरा जडान गर्ने ।
- आपतकालीन स्वास्थ्य सुविधा (प्राथमिक उपचार बक्स) राख्ने ।

**ग) अभिभावक सूचनाका लागि डिजिटल प्रणाली**

- विद्यार्थीको यात्रा ट्रयाकिङ गर्न मोबाइल एप्स वा SMS सेवा उपलब्ध गराउने ।
- अभिभावकलाई बस सेवाको बारेमा नियमित सूचना प्रवाह गर्ने ।

## ४. वित्तीय व्यवस्थापन

**क) आर्थिक स्रोत व्यवस्थापन**

- विद्यालयको कोष, स्थानीय सरकारको अनुदान, सङ्घीय सरकारको शिक्षा कार्यक्रम र निजी क्षेत्रका साझेदारहरूसँग सहकार्य गर्ने ।
- केही बसहरू विद्यालय आफैँले खरिद गर्ने र केही चाहिँ सार्वजनिक-निजी साझेदारी (PPP) मार्फत सञ्चालन गर्ने ।

**ख) अभिभावक सहयोग संरचना**

- अभिभावकहरूको न्यूनतम सहयोगमा विद्यार्थीहरूले बस सेवा प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने ।
- आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि अभिभावक सहयोगमा सहुलियत वा छात्रवृत्ति व्यवस्था लागू गर्ने ।

## ५. निगरानी र सुधार योजना

### क) नियमित अनुगमन समिति

- बस सेवा नियमित रूपमा अनुगमन गर्न विद्यालय व्यवस्थापन समितिको प्रत्यक्ष निगरानी रहने ।
- प्रत्येक त्रैमासिक रूपमा विद्यार्थी र अभिभावकहरूको सुझाव लिने ।

### ख) समस्या समाधान संयन्त्र

- विद्यार्थी वा अभिभावकहरूले बस सेवासँग सम्बन्धित गुनासो दिन सक्ने हेल्पलाइन वा सुझाव पेटिकाको व्यवस्था गर्ने ।
- ट्राफिक व्यवस्थापनका लागि स्थानीय सरकार, ट्राफिक प्रहरी र विद्यालय बिचको समन्वय रहने ।

## ६. अपेक्षित परिणामहरू

क) विद्यार्थीहरूको विद्यालय आवागमन सुरक्षित, सुविधाजनक र व्यवस्थित हुने ।

ख) आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि सहज यातायात सुविधा उपलब्ध हुने ।

ग) ट्राफिक जाम तथा दुर्घटनाको सम्भावना घट्ने ।

घ) विद्यालयमा विद्यार्थीहरूको उपस्थितिमा सुधार हुने ।

ङ) सामुदायिक विद्यालयहरूको शिक्षाको गुणस्तरमा वृद्धि हुने ।

यस कार्यविधिले समायोजन गरिएका विद्यालयहरूका विद्यार्थीहरूको सुरक्षित र प्रभावकारी विद्यालय बस सेवाको व्यवस्था गर्न मद्दत गर्नेछ । स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको सहकार्यबाट बस सेवा सफल रूपमा सञ्चालन गर्न सकिन्छ ।

# अनुसूची-३

## समायोजन गरिने ७ ओटा विद्यालयको विद्यालय प्रशासन सञ्चालन प्रारूप

(सुकुना माध्यमिक विद्यालयलाई केन्द्र मानेर अरू विद्यालयहरूको समायोजनका लागि)

**प्रस्तावना :**

अनुसूची १ बमोजिम समायोजन गरिने विद्यालयहरूको सुव्यवस्थित प्रशासन, शिक्षक तथा कर्मचारी व्यवस्थापन, शैक्षिक गुणस्तर अभिवृद्धि तथा स्रोत साधनको प्रभावकारी उपयोग गर्न व्यवस्थित प्रशासनिक ढाँचा आवश्यक हुन्छ। यो प्रारूपले विद्यालय प्रशासन, व्यवस्थापन समिति, स्रोत साधन परिचालन, शिक्षक/कर्मचारी तथा विद्यार्थी व्यवस्थापन र मूल्याङ्कन प्रणालीलाई स्पष्ट पार्छ।

### १. विद्यालय प्रशासन संरचना

### क) समायोजनपछि प्रशासनिक संरचना

- मुख्य प्रशासनिक केन्द्र : सुकुना माध्यमिक विद्यालय
- सहायक प्रशासनिक कार्यालयहरू : समायोजन गरिएका विद्यालयहरू
- प्रधानाध्यापक : समायोजन भएका विद्यालयहरूको प्रमुख संयोजक
- प्रशासनिक सहायक टोली : प्रत्येक विद्यालयमा कार्यालय प्रमुख, लेखा शाखा र प्रशासनिक कर्मचारी रहने।

### ख) संयुक्त विद्यालय व्यवस्थापन समिति (SMC) गठन

(१) संयोजक : सुकुना माध्यमिक विद्यालयका प्रधानाध्यापक

(२) सदस्यहरू :

- समायोजित विद्यालयका विद्यालय प्रमुखहरू (प्रधानाध्यापकहरू)
- शिक्षक प्रतिनिधि (हरेक विद्यालयबाट १ जना)
- अभिभावक प्रतिनिधि
- स्थानीय सरकारका प्रतिनिधि
- विद्यार्थी प्रतिनिधि (कक्षा ११-१२ सञ्चालन भएका विद्यालयबाट)

### ग) प्रशासनिक जिम्मेवारी विभाजन

- शिक्षा सुधार उपसमिति : पाठ्यक्रम सुधार, शिक्षक प्रशिक्षण, मूल्याङ्कन प्रणाली।
- स्रोत व्यवस्थापन उपसमिति : बजेट व्यवस्थापन, सरकारी अनुदान, निजी साझेदारी।
- भौतिक पूर्वाधार तथा प्रविधि उपसमिति : भवन निर्माण तथा मर्मत, डिजिटल प्रविधिको प्रयोग, ल्याब तथा पुस्तकालय सुधार।

### २. शिक्षक तथा कर्मचारी व्यवस्थापन

क) शिक्षकहरूको पुनर्व्यवस्थापन

- विषयगत रूपमा शिक्षकहरूको पुनर्समायोजन ।
- शिक्षकहरूको तालिम कार्यक्रम सञ्चालन ।
- आवश्यकताअनुसार नयाँ शिक्षक दरबन्दीको व्यवस्था ।

**ख) कर्मचारी व्यवस्थापन**

- प्रशासनिक कर्मचारीहरूको पुनर्व्यवस्थापन ।
- समायोजन गरिएका विद्यालयहरूमा आवश्यक कर्मचारी राख्ने ।
- लेखा, प्रशासन र सूचना प्रविधि हेर्ने कर्मचारीहरूको संयोजन ।

## ३. विद्यार्थी व्यवस्थापन प्रक्रिया

**क) विद्यार्थीको नाम दर्ता प्रणालीमा सुधार**

- विद्यार्थीहरूको नयाँ नाम दर्ता प्रणाली ।
- डिजिटल विद्यार्थी डेटा-बेसको व्यवस्था ।
- कक्षा विभाजन र नयाँ वर्गीकरण ।

**ख) विद्यार्थी बस सेवा (समायोजन गरिएका विद्यालयहरूका लागि)**

- विद्यालय बस सेवा सञ्चालन ।
- विद्यार्थीहरूका लागि बस पास वा डिजिटल कार्ड प्रणाली ।

**ग) अतिरिक्त क्रियाकलाप र विद्यार्थी क्लबहरूको व्यवस्था**

- विद्यार्थी परिषद गठन ।
- अतिरिक्त क्रियाकलाप (खेलकुद, सिर्जनशील कार्यक्रम, विज्ञान प्रदर्शनी, सांस्कृतिक गतिविधि) ।

## ४. भौतिक पूर्वाधार व्यवस्थापन

**क) साझा प्रयोगशाला, पुस्तकालय र डिजिटल कक्षाकोठा**

- केन्द्र विद्यालय (सुकुना) मा साझा (स्रोत) पुस्तकालय तथा डिजिटल प्रयोगशाला ।
- समायोजित विद्यालयहरूमा साझा स्रोत केन्द्रहरू ।

**ख) कम्प्युटर र इन्टरनेट प्रयोग**

- प्रत्येक विद्यालयमा इन्टरनेट जडान ।
- अनलाइन कक्षा तथा डिजिटल सामग्रीहरूको अभिवृद्धि ।

**ग) नियमित मर्मत सम्भार योजना**

- विद्यालय भवन, खेलमैदान, शौचालय, पिउने पानीको व्यवस्थापन ।
- सुरक्षा निगरानी प्रणाली (CCTV, गार्ड सेवा) ।

## ५. आर्थिक व्यवस्थापन र बजेट प्रणाली

### क) विद्यालय कोष व्यवस्थापन

- सङ्घीय, प्रदेश र स्थानीय सरकारको अनुदान तथा बजेट ।
- निजी क्षेत्र तथा विकास साझेदारहरूसँग सहकार्य ।

### ख) विद्यार्थी छात्रवृत्ति कार्यक्रम

- आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि छात्रवृत्ति ।
- STEM Education (विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित) का लागि विशेष छात्रवृत्ति योजना ।

## ६. अनुगमन, मूल्याङ्कन र सुधार प्रक्रिया

### क) अनुगमन समिति गठन

- शिक्षा विभाग, स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति तथा अभिभावक प्रतिनिधिहरूको संलग्नता ।

### ख) विद्यालय मूल्याङ्कन प्रक्रिया

- वार्षिक विद्यालय प्रगति-प्रतिवेदन प्रकाशन ।
- विद्यार्थी सिकाइ उपलब्धि तथा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन ।

### ग) सुधार योजना

- प्रत्येक वर्ष शिक्षा सुधार रणनीति पुनरावलोकन ।
- शिक्षण, व्यवस्थापन, प्रविधि र भौतिक पूर्वाधारमा सुधार गर्ने योजनाहरूको पुनर्संरचना ।

## ७. अपेक्षित परिणामहरू

१) विद्यालय प्रशासन व्यवस्थित र प्रभावकारी हुने ।

२) शिक्षक तथा कर्मचारीहरूको उचित व्यवस्थापन हुने ।

३) विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार आउने ।

४) डिजिटल तथा स्मार्ट विद्यालयको अवधारणा कार्यान्वयन हुने ।

५) स्थानीय सरकार, समुदाय, अभिभावक र विद्यार्थीको सहकार्य वृद्धि हुने ।

यस विद्यालय प्रशासन प्रारूपलाई लागू गर्दा समायोजित विद्यालयहरूमा स्रोत साधनको समान वितरण, शिक्षक व्यवस्थापनको सुधार, विद्यार्थीहरूका लागि सहज तथा गुणस्तरीय एवं डिजिटल शिक्षाको अभिवृद्धि हुनेछ। स्थानीय सरकार, सङ्घीय सरकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहकार्यमा विद्यालय प्रशासनलाई प्रभावकारी बनाउन सकिन्छ ।

# अनुसूची-४

## विद्यालय समायोजनपछि कोष व्यवस्थापन र अभिभावक सहयोग सञ्चालन कार्यविधि

(सुकुना माध्यमिक विद्यालय तथा समायोजन गरिएका विद्यालयहरूका लागि)

**प्रस्तावना :**

अनुसूची १ बमोजिमका विद्यालयहरूको समायोजनपछि कोष व्यवस्थापनलाई पारदर्शी, प्रभावकारी र दिगो बनाउने उद्देश्यले सामुदायिक सहयोग प्रणाली लागू गरिनेछ । यस कार्यविधिले अभिभावक, समुदाय, स्थानीय सरकार र अन्य साझेदारहरूको सहकार्यद्वारा विद्यालय सञ्चालनलाई थप सुदृढ बनाउने आधार तय गर्दछ ।

### १. कोष व्यवस्थापनका आधारभूत सिद्धान्तहरू

क) न्यायोचित र पारदर्शी कोष व्यवस्थापन

ख) स्थानीय स्रोत र अभिभावक सहभागिता प्रवर्द्धन

ग) दीर्घकालीन वित्तीय स्थायित्व सुनिश्चित गर्ने

घ) विद्यालय-समुदाय सहकार्यद्वारा शिक्षा सुधारमा योगदान गर्ने

### २. कोष व्यवस्थापनको संरचना

### क) विद्यालय कोष सञ्चालन समिति गठन

(१) संयोजक : सुकुना माध्यमिक विद्यालयका प्रधानाध्यापक

(२) सदस्यहरू :

- विद्यालय व्यवस्थापन समिति (SMC) प्रतिनिधि
- समायोजन गरिएका विद्यालयका प्रधानाध्यापकहरू
- शिक्षक अभिभावक सङ्घका प्रतिनिधि
- स्थानीय सरकारका प्रतिनिधि
- समाजसेवी तथा शिक्षा अभियन्ता

### ख) कोषका मुख्य स्रोतहरू

- सङ्घीय, प्रदेश र स्थानीय सरकारको अनुदान तथा बजेट ।
- अभिभावक आर्थिक सहयोग कोष (स्वैच्छिक वा न्यूनतम शुल्कमा आधारित) ।
- निजी क्षेत्र, गैरसरकारी संस्था (NGO) तथा अन्तर्राष्ट्रिय साझेदारहरूको सहयोग ।
- विद्यालयका पूर्वविद्यार्थी तथा समुदायको आर्थिक तथा भौतिक योगदान ।
- विशेष कार्यक्रम (Fundraising events, Alumni contributions, CSR partnerships) ।

## ३. अभिभावक सहयोग सङ्कलन प्रक्रिया

### क) अभिभावक सहभागिता योजना

- प्रत्येक विद्यालयमा अभिभावक प्रतिनिधिसहितको सहयोग समिति गठन ।
- अभिभावकलाई विद्यालय सुधार योजनामा सक्रिय भूमिका दिने ।
- वार्षिक रूपमा अभिभावक-विद्यालय बैठक आयोजन गर्ने ।

### ख) सहयोग सङ्कलनका विधिहरू

- स्वैच्छिक योगदान : आर्थिक रूपमा सक्षम अभिभावकले स्वैच्छिक आर्थिक सहयोग गर्ने ।
- श्रमदान (Community Volunteering) : विद्यालयको भौतिक निर्माण तथा सरसफाइमा सहयोग ।
- स्थानीय स्तरमा स्रोत परिचालन : स्थानीय व्यवसायी तथा उद्योगीहरूसँग समन्वय गरी विद्यालय सुधार अभियान ।

### ग) पारदर्शिता र जवाफदेहिता

- प्रत्येक सहयोग रकमको विस्तृत लेखा परीक्षण ।
- विद्यालयको वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने ।
- डिजिटल प्रणालीमार्फत अभिभावक तथा समुदायलाई विद्यालय कोषको खर्च विवरण जानकारी गराउने ।

## ४. सामुदायिक सहभागिता प्रवर्द्धनका उपायहरू

### क) स्थानीय सरकारको सहकार्य

- नगरपालिकासँग शिक्षा कोष स्थापना गर्न पहल गर्ने ।
- स्थानीय सरकारका शिक्षा शाखासँग समन्वय गर्दै स्रोत परिचालनको दायरा विस्तार गर्ने ।

### ख) अभिभावक र समुदायको प्रत्यक्ष संलग्नता

- विद्यालय सुधार अभियानमा स्वैच्छिक श्रमदान कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय उद्यमी तथा व्यवसायीहरूसँग साझेदारी गरी विद्यालय सुधार कोष स्थापना गर्ने ।

### ग) विद्यालय अनुदान तथा विशेष कार्यक्रमहरू

- विद्यालय स्तरीय चन्दा सङ्कलन कार्यक्रम (Fundraising Campaigns) आयोजना गर्ने ।
- पूर्वविद्यार्थी तथा समाजसेवीहरूसँगको सहयोग समन्वय समिति गठन गर्ने ।

## ५. कोष व्यवस्थापन तथा अभिभावक सहयोग कार्यक्रमको कार्यान्वयनका चरणहरू

**चरण १ : प्रारम्भिक तयारी (१-३ महिना)**

- विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समिति बिच छलफल ।

- अभिभावक प्रतिनिधिहरूसँग परामर्श ।
- कोष व्यवस्थापन समिति गठन ।

**चरण २ : नीति निर्माण (४-६ महिना)**

- कोष व्यवस्थापन तथा सहयोग सङ्कलनको नीति बनाउने ।
- वित्तीय पारदर्शिता तथा अनुगमनको प्रक्रिया तय गर्ने ।

**चरण ३ : कार्यान्वयन (७-१२ महिना)**

- विद्यालय स्तरीय कोष सङ्कलन कार्यक्रम सुरु गर्ने ।
- सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूसँग सहकार्य गर्दै स्रोत जुटाउने ।
- विद्यालय तथा समुदायबिचको साझेदारीलाई मजबुत बनाउने ।

## ६. अपेक्षित परिणामहरू

१) विद्यालय कोष व्यवस्थित, पारदर्शी र दीर्घकालीन हुने ।

२) अभिभावक तथा समुदायको सक्रिय सहभागिता सुनिश्चित हुने ।

३) शिक्षा तथा भौतिक पूर्वाधार विकासका लागि निरन्तर स्रोत उपलब्ध हुने ।

४) विद्यालयको आर्थिक रूपमा सक्षमता बढ्ने र शिक्षाको गुणस्तरमा सुधार आउने ।

## ७. निष्कर्ष

यस कार्यविधिले विद्यालयको कोष व्यवस्थापनलाई प्रभावकारी बनाउने, अभिभावक तथा समुदायको सहभागिता बढाउने र विद्यालय समायोजनलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । सङ्घीय, प्रदेश तथा स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीहरूको सहकार्यबाट यो कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न सकिन्छ ।

# अनुसूची-५

## विद्यालय समायोजनका लागि साझा प्रतिबद्धता

प्रस्तावना :

शैक्षिक रूपान्तरणका लागि बृहत् विद्यालय विकास कार्यक्रम-२०८१ को कार्य सञ्चालन प्रारूपअनुसार विद्यालयहरूको समायोजन कार्य सम्पन्न भइसकेपछि समायोजित विद्यालयहरूको ऐतिहासिक पृष्ठभूमि, संस्थापकहरूको योगदान र सहअस्तित्वलाई सम्मान गर्दै एक साझा प्रतिबद्धता पत्र तयार पारिनेछ ।

### १. प्रतिबद्धता पत्रको ढाँचा

मिति : ..............

स्थान : सुकुना माध्यमिक विद्यालय, सुन्दरहरैँचा-१०, मोरङ

हामी समायोजन गरिएका निम्न विद्यालयका प्रतिनिधिहरू, शिक्षक, अभिभावक र सरोकारवाला निकायहरू विद्यालय समायोजन कार्यक्रमलाई सफल बनाउनुका साथै यी विद्यालयहरूको स्थापना र विकासमा ऐतिहासिक योगदान पुऱ्याउनु हुने संस्थापकहरूको सम्मान गर्ने साझा प्रतिबद्धता व्यक्त गर्दछौँ ।

**समायोजन गरिएका विद्यालयहरू :**

१) सुकुना माध्यमिक विद्यालय (केन्द्र विद्यालय)

२) चण्डेश्वरी आधारभूत विद्यालय

३) राम आधारभूत विद्यालय

४) जनता माध्यमिक विद्यालय, बुधबारे

५) जुडी आधारभूत विद्यालय

६) हिमालय आधारभूत विद्यालय

७) महेन्द्र माध्यमिक विद्यालय, शुक्रबारे

### २. ऐतिहासिक पृष्ठभूमिको सम्मान

हामी स्वीकार गर्छौं कि यी विद्यालयहरू स्थापना गर्नुको उद्देश्य स्थानीय समुदायमा शिक्षाको उज्यालो ज्योति फैलाउनु थियो ।

- प्रत्येक विद्यालयको स्थापनाकालदेखि अहिलेसम्मको योगदानलाई दस्तावेजीकरण गरिनेछ ।
- विद्यालयहरूका संस्थापक व्यक्तित्वहरूको योगदानलाई उच्च सम्मान दिइनेछ ।
- प्रत्येक विद्यालयको इतिहास विद्यालयको नामसहित संरक्षण तथा संवर्द्धन गरिनेछ ।

## ३. विद्यालय संस्थापकहरूको योगदानको कदर

हामी संस्थापक, पूर्वशिक्षक, अभिभावक र समाजसेवीहरूको योगदानलाई उच्च सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

- विद्यालय समायोजनपछि स्थानीय संस्थापकहरूको योगदानबारे जानकारी राख्ने ऐतिहासिक पट्टिका (Commemorative Plaque) स्थापना गरिनेछ ।
- विद्यालयका संस्थापकहरूप्रति विशेष सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।
- विद्यालय समायोजनपछि स्मृति पुस्तक (स्मारिका) प्रकाशन गरिनेछ जसमा विद्यालयको इतिहास, संस्थापक र प्रमुख योगदानकर्ताहरूको विवरण रहनेछ ।

## ४. विद्यालयको सहअस्तित्व र पहिचानको संरक्षण

हामी समायोजनपछि पनि सबै विद्यालयहरूको मौलिक पहिचान सुरक्षित राख्ने प्रतिबद्धता व्यक्त गर्दछौँ ।

- समायोजन गरिएका विद्यालयहरूको नाम सुकुना मा. वि. लगायत सबै विद्यालयको भवनहरूमा देखिने गरी राखिनेछ ।
- विद्यालयका संस्थापक, शिक्षक र पूर्वविद्यार्थीहरूसँग निरन्तर परामर्श गर्नेछौँ ।
- विद्यालयको प्रतीक चिह्न, झन्डा, आदर्श वाक्य जस्ता पहिचानका सामग्रीहरूलाई संरक्षण गरिनेछ ।

## ५. विद्यार्थी, शिक्षक र समुदायको सहभागिता सुनिश्चित गर्ने

हामी विद्यालय समायोजन कार्यक्रमको क्रममा विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय सरकार र समाजसेवीहरूसँग निरन्तर परामर्श गर्नेछौँ ।

- सबै सरोकारवालाहरूलाई सहभागी गराई निर्णय प्रक्रियामा पारदर्शिता अपनाइनेछ ।
- विद्यालय व्यवस्थापन समितिमा सबै विद्यालयका प्रतिनिधिहरू समावेश गरिनेछ ।
- सामुदायिक बैठक, छलफल कार्यक्रम र सुझाव सङ्कलन गरी विद्यालय समायोजन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

## ६. विद्यालय समायोजनपछि गरिने सम्मान कार्यक्रमहरू

- प्रत्येक विद्यालयमा वार्षिकोत्सव (स्थापना दिवस) मनाइनेछ ।
- विद्यालयको ऐतिहासिक तस्बिर, दस्तावेज र स्मृति चिह्नहरू सुरक्षित गरिनेछ ।
- विद्यालयका पूर्वशिक्षक, अभिभावक र विद्यार्थीहरूसँग विशेष अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

## ७. निष्कर्ष

हामी सबै विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक र समुदायका तर्फबाट विद्यालय समायोजनलाई सफल पार्न प्रतिबद्ध छौँ । हामी विद्यालयको इतिहास, संस्थापकहरूको योगदान र

स्थानीय पहिचानलाई उच्च सम्मान गर्दै गुणस्तरीय, प्रविधिमैत्री र समावेशी शिक्षा प्रवर्द्धन गर्ने प्रण गर्दछौं ।

**साझा प्रतिबद्धता पत्रमा हस्ताक्षर**

१. विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरू :

नाम : ......................

पद : .....................

विद्यालय : ................

२. प्रधानाध्यापकहरू :

नाम : ......................

विद्यालय : ................

३. अभिभावक प्रतिनिधिहरू :

नाम : ......................

विद्यालय : ................

४. स्थानीय सरकारका प्रतिनिधि :

नाम : ......................

पद : .....................

५. विद्यार्थी प्रतिनिधि :


नाम : ......................

कक्षा : ......................

मिति : .................

स्थान : .................

यो साझा प्रतिबद्धता पत्रले विद्यालय समायोजन प्रक्रियामा सहअस्तित्व, ऐतिहासिक सम्मान तथा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिनेछ ।







**प्रस्तोता :**

**हिक्मतबहादुर बस्नेत**

**(प्रधानाध्यापक)**

सुकुना माध्यमिक विद्यालय

सुन्दरहरैंचा-१०, मोरङ